नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान
प्रदेशस्तरीय अनुसन्धान केन्द्र स्थापना एवं सञ्चालन सम्बन्धी नियमावली, २०७८

नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान ऐन, २०४८ को दफा ३१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान,प्राज्ञ सभाले देहायका नियमहरु बनाएको छ।

परिच्छेद–१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान, प्रदेश स्तरीय अनुसन्धान केन्द्र स्थापना एवं सञ्चालन सम्वन्धी नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान ऐन, २०४८ सम्झनु पर्छ।

(ख) "प्रज्ञा–प्रतिष्ठान" भन्नाले नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान सम्झनु पर्छ।

(ग) "प्राज्ञ सभा" भन्नाले नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठानको प्राज्ञ सभा सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले नियम ६ बमोजिमको केन्द्रीय निर्देशक समिति सम्झनु पर्छ।

(ङ) "व्यवस्थापन परिषद्" भन्नाले नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठानको व्यवस्थापन परिषद सम्झनु पर्छ।

(च) " अनुसन्धान केन्द्र" भन्नाले नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको मातहतमा रहने गरी नियम ३ र ४ बमोजिम प्रदेशस्तरमा स्थापित हुने अनुसन्धान केन्द्र सम्झनु पर्छ। सो शब्दले विशिष्टीकृत (स्पेशियलाइज्ड) अनुसन्धान केन्द्र र उत्कृष्ट अनुसन्धान केन्द्र (सेन्टर अफ एक्सलेन्स) समेत जनाउंछ।

(छ) "व्यवस्थापन समिति" भन्नाले नियम ९ बमोजिम गठित व्यवस्थापन समिति सम्झनु पर्छ।

(ज) "कुलपति" भन्नाले नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठानको कुलपति सम्झनु पर्छ।

(झ) "सह–कुलपति" भन्नाले नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठानको सह–कुलपति सम्झनु पर्छ।

(ञ) "उप–कुलपति" भन्नाले नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठानको उप–कुलपति सम्झनु पर्छ।

(ट) "प्राज्ञ" भन्नाले ऐनको दफा १० बमोजिम मनोनित प्राज्ञ सम्झनु पर्छ।

(ठ) "सह–प्राज्ञ" भन्नाले ऐनको दफा १०क. बमोजिम मनोनित सह–प्राज्ञ सम्झनु पर्छ।

(ड) "सचिब" भन्नाले नेपाल बिज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठानको सचिब सम्झनु पर्छ।

CamScanner

परिच्छेद–२

## अनुसन्धान केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **अनुसन्धान केन्द्र वा विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापनाः** (१) ऐनको दफा २३ बमोजिम प्रज्ञा–प्रतिष्ठानको उद्देश्य पूरा गर्न देशको प्रादेशिक एवं भौगोलिक अनुकूलता, विशिष्टता र आवश्यकताको आधारमा प्रज्ञा–प्रतिष्ठानको मातहतमा रहने गरी प्रदेशस्तरमा अनुसन्धान केन्द्र वा विशिष्टीकृत (स्पेशलाइज्ड) अनुसन्धान केन्द्र स्थापना गर्न सकिनेछ।

(२) प्रदेश अन्तर्गतका स्थानीय तहको क्षेत्रभित्रको कुनै स्थानमा अनुसन्धान केन्द्र वा विशिष्टीकृत अनुसन्धान केन्द्र स्थापना गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने त्यस्ता केन्द्र प्रत्येक प्रदेश वा दुई वा दुई भन्दा वढी प्रदेशको क्षेत्राधिकारभित्र कार्य सञ्चालन हुने गरी पनि स्थापना गर्न सकिनेछ।

४. **उत्कृष्ट अनुसन्धान केन्द्र तोक्न सकिनेः** (१) नियम ३ वमोजिम स्थापना हुने अनुसन्धान केन्द्रमध्ये कुनै अनुसन्धान केन्द्रलाई निश्चित आधार र मापदण्ड पुरा गरेको पाइएमा प्रज्ञा- प्रतिष्ठानले उत्कृष्ट अनुसन्धान केन्द्र (सेन्टर अफ एस्सलेन्स) को रुपमा तोक्न वा रुपान्तरण गर्न वा स्तरोन्नति गर्न सक्नेछ।

(२) उत्कृष्ट अनुसन्धान केन्द्र निर्धारण गर्ने आधार र मापदण्ड तोकिए वमोजिम हुनेछ।

५. **अनुसन्धान केन्द्रको काम कर्तव्य र अधिकारः-** प्रदेशमा स्थापित अनुसन्धान केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिज्ञान र प्रविधिका विषयगत क्षेत्रमा समयानुकूल अध्ययन, अनुसन्धान गर्ने, गराउने,

(ख) स्वदेशी प्रविधिको खोजि गरी संरक्षण गर्ने, गराउने र विज्ञान, प्रविधिलाई जन जीवनसंग आवद्ध गर्न प्रयत्नशिल रहने,

(ग) परम्परागत प्रविधिलाई लोप हुन नदिन प्रविधि हस्तान्तरण सम्वन्धी आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(घ) बिज्ञान र प्रविधि सम्बन्धी सूचना प्रणालीको बिकास गरी उपलब्धीमूलक सूचना प्रकाशन गरी प्रचार, प्रसार गर्ने, गराउने,

(ङ) बिज्ञान र प्रविधि सम्बन्धी नविनतम् बिषयमा कार्यशाला गोष्ठी, सम्मेलन तथा सेमिनार समेतका जनचेतनामूलक कार्यक्रमको आयोजना गर्ने,

(च) बिज्ञान र प्रविधिको क्षेत्रमा हुने अध्ययन, अनुसन्धान कार्यमा अन्य ब्यक्ति, निकाय र संस्थासंग समन्वय गर्ने, पारस्परिक सहयोग आदान प्रदान गर्ने,



CamScanner

(छ) बिज्ञान र प्रविधिको क्षेत्रमा अन्य ब्यक्ति, संस्थाले गरेका अध्ययन, अनुसन्धान कार्यको अनुगमन गरी आवश्यक प्राविधिक एवम् आर्थिक सहयोगको आवश्यक ब्यवस्था गर्ने/गराउने,

(ज) बिज्ञान र प्रविधि क्षेत्रमा भएका नविनतम कार्य तथा उत्कृष्ट आविष्कार सम्वन्धी कार्यको समय समयमा प्रदर्शन गर्ने तथा यस्तो कार्यमा योगदान दिने आविष्कारक, प्रवर्धक ब्यक्ति, संस्थालाई सम्मान, कदर गर्ने तथा पुरस्कृत गर्ने ब्यवस्था मिलाउने,

(झ) बिज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा बिकास सम्बन्धमा प्रदेश सरकारलाई आवश्यक सरसल्लाह दिने,

(ञ) प्रदेश क्षेत्र भित्रका स्थानिय तह संग समन्वय गरी बिज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा बिकास सम्बन्धी तालिम सञ्चालन गर्ने, गराउने,

(ट) केन्द्रको पूर्व स्वीकृतीमा अन्तर्राष्ट्रिय संघ संस्था तथा विदेशी ब्यक्तिसंग समन्वय गरी बिज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा बिकास सम्बन्धी तालिम सञ्चालन गर्ने, गराउने,

(ठ) बिज्ञान र प्रविधिको क्षेत्रमा प्रदेश भित्र भएका प्रगति तथा उपलब्धिका सम्वन्धमा प्रदेश सरकार र प्रज्ञा प्रतिष्ठानमा पेश गर्ने,

(ड) प्रज्ञा प्रतिष्ठानको निर्देशानुसार अन्य आवश्यक कार्य गर्ने, गराउने ।

## परिच्छेद–३

## समिति गठन, सञ्चालन तथा काम, कर्तब्य र अधिकार सम्वन्धी ब्यवस्था

६. **केन्द्रीय निर्देशक समितिको गठनः** (१) प्रदेस्तरमा स्थापित अनुसन्धान केन्द्रको व्यवस्थापन र संचालनको लागि प्रज्ञा प्रतिष्ठानमा देहाय बमोजिमका पदाधिकारी, सदस्यहरु रहेको एक केन्द्रीय निर्देशक समिति रहनेछः-

(क) प्रज्ञा–प्रतिष्ठानका सह–कुलपति - अध्यक्ष
(ख) प्रज्ञा–प्रतिष्ठानका उपकुलपति - उपाध्यक्ष
(ग) सम्वन्धित प्रदेशका प्रमुख सचिव एकजना- सदस्य
(घ) सह–कुलपतिबाट मनोनित बिश्वबिद्यालयका उपकुलपतिहरु मध्येबाट दुई जना- सदस्य
(ङ) शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालयका (विज्ञान हेर्ने) सचिव -सदस्य
(च) उप–कुलपतिको सिफारिसमा सह–कुलपतिबाट

मनोनित प्रज्ञा–प्रतिष्ठानका प्राज्ञहरु मध्येबाट दुई जना- सदस्य

(छ) प्रज्ञा–प्रतिष्ठानका सचिव- सदस्य–सचिव

(२) उपनियम (१) बमोजिमको समिति प्राज्ञ सभा प्रति उत्तरदायी हुनेछ।

(३) उपनियम (१) को खण्ड (घ) तथा खण्ड (च) बमोजिमका सदस्यहरुको सदस्यहरुको पदावधि चार वर्षको बर्षको हुनेछ।

७. **समितिको बैठक र कार्यबिधि:** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा सदस्य–सचिबले बोलाउनेछ।

(२) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता समितिको उपाध्यक्षले गर्नेछ।

(३) समितिको बैठक बोलाउँदा बैठक बस्ने मिति भन्दा सामान्यतया तीन दिन अगाडी सदस्य–सचिबले बैठक बस्ने मिति, समय, स्थान खुलाई प्रस्ताव सहित सबै पदाधिकारी, सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य बैठकमा उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकबाट पारित भएका निर्णयहरु निर्णय पुस्तिकामा अभिलेख राखि समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य–सचिबबाट प्रमाणित गराई राख्नु पर्नेछ।

(६) बैठक सम्बन्धी अन्य कार्यबिधि समितिको बैठक आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **समितिको काम, कर्तब्य र अधिकार:** समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बिज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धान गर्ने, मौजुदा नीति, नियमलाई गुणस्तरीय, प्रभावकारी र वैज्ञानिक तथा प्रविधी मैत्री बनाउने कार्यमा सक्रिय रुपमा काम गर्ने,

(ख) प्रज्ञा–प्रतिष्ठानको लक्ष्य हासिल गर्न ब्यवस्थापन समितिलाई मार्ग निर्देशन गर्ने,

(ग) स्थानीय परम्परागत सीप तथा प्रविधिहरुको संरक्षण, सम्वर्द्धन तथा निरन्तरताका लागि विशेष भूमिका निभाउने,

(घ) बिज्ञान र प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धानको बिकास र सम्बृद्धिको लागि योगदान दिन सक्ने ब्यक्ति, संस्थाहरु संग समन्वय गर्ने,

(ङ) अध्ययन, अनुसन्धानबाट प्राप्त नतिजा एवं आविष्कार गुणस्तरीय एवम् प्रभावकारी बनाउन समय समयमा अनुगमन तथा मूल्यांकन गरी अध्ययन, अनुसन्धानको विधी, पद्धती र मापदण्ड समयानुकूल परिमार्जन गर्ने,

(च) अध्ययन, अनुसन्धान कार्यलाई नियमित र निरन्तरता प्रदान गर्न आर्थिक तथा मानव श्रोत ब्यवस्थापन गर्ने,

(छ) राष्ट्रिय अन्तराष्ट्रिय परिवेश अनुरुप बिज्ञान, प्रविधिको बिकास र बिस्तारको लागि आबश्यकता अनुसार उपयुक्त मार्ग निर्देशन गर्ने।



CamScanner

**९. व्यवस्थापन समितिको गठनः** (१) प्रदेशमा स्थापित हुने अनुसन्धान केन्द्रको व्यवस्थापन र सञ्चालन गर्न, गराउन देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहेको नौ सदस्यीय व्यवस्थापन समिति रहनेछः-

| | |
|---|---|
| (क) उप–कुलपतिको सिफारिसमा सह–कुलपतिबाट मनोनित प्रज्ञा–प्रतिष्ठानका प्राज्ञ वा सह–प्राज्ञ- | अध्यक्ष |
| (ख) सह–कुलपतिबाट मनोनित प्रदेश भित्रका सम्बन्धित बिषय बिज्ञ मध्येबाट एक जना महिला सहित दुई जना- | सदस्य |
| (ग) प्रदेशका सम्पर्क मन्त्रालयको सचिव- | सदस्य |
| (घ) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका विज्ञान तर्फका सहसचिव- | सदस्य |
| (ङ) सम्वन्धित प्रदेश बिश्वबिद्यालयको प्रतिनिधि एकजना- | सदस्य |
| (च) अनुसन्धान केन्द्र रहेको स्थानिय तहको प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| (छ) प्रज्ञा–प्रतिष्ठानका बैज्ञानिक कर्मचारी एकजना- | सदस्य |
| (ज) अनुसन्धान केन्दको प्रमुख- | सदस्य–सचिव |

(२) उपनियम (१) को खण्ड (क), (ख), (ङ) र (छ) बमोजिम मनोनित पदाधिकारी र सदस्यको पदावधि चार बर्षको हुनेछ।

(३) ब्यवस्थापन समिति केन्द्रीय निर्देशक समिति प्रति उत्तरदायी हुनेछ।

**१०. ब्यवस्थापन समितिका काम, कर्तब्य र अधिकारः**- ब्यवस्थापन समितिका काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछनः-

(क) केन्द्रीय निर्देशक समितिले तय गरेका नीति, नियम र निर्देशन बमोजिम स्थानीय जनतालाई जीवन उपगोगी हुने प्रविधिको बिकास र सहज पहुंच हुने वातावरण तयार गर्ने,

(ख) विज्ञान र प्रविधिको क्षेत्रमा प्रदेश भित्र अध्ययन, अनुसन्धानको लागि आवश्यक स्रोत साधन ब्यवस्थापन तथा प्रशासनिक, ब्यवस्थापकिय कार्यमा समन्वय र सहजिकरण गर्ने,

(ग) प्रदेशको भौगोलिक, सामाजिक, आर्थिक, ब्यवसायिक क्षेत्रलाई दृष्टिगत गरी अध्ययन, अनुसन्धानको कार्यलाई सन्तुलित रुपमा कार्यान्वयन गर्ने, गराउने,

(घ) प्रदेश भित्र हुने अध्ययन, अनुसन्धानको अनुगमन तथा मूल्याँङ्कन गरी प्रदेश सरकार र प्रतिष्ठानको केन्द्रीय निकायमा बार्षिक प्रतिवेदन पेश गर्ने,

(ङ) स्थानीय परम्परागत प्रविधिहरुको संरक्षण तथा सम्वर्द्धनका लागि ठोस कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(च) स्थानीय तहमा बिज्ञान, प्रविधिको बिकास र बिस्तारको लागि आबश्यकता अनुसार अध्ययन अनुसन्धान, तालिम, सभा, सेमिनार लगायतका अन्य काम गर्ने, गराउने।



CamScanner

११. **व्यवस्थापन समितिको बैठक र कार्यबिधि:** (१) व्यवस्थापन समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा सदस्य–सचिबले बोलाउनेछ।

(२) उपनियम (१) बमोजिम बस्ने बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता उपस्थित सदस्यले छानिएको सदस्यले गर्नेछ।

(३) उपनियम (१) बमोजिम बैठक बोलाउँदा बैठक बस्ने मिति भन्दा सामान्यतया तीन दिन अगावै सदस्य–सचिबले बैठक बस्ने मिति, समय, स्थान खुलाई प्रस्ताव सहित सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुलाई जानकारी पठाउनु पर्नेछ।

(४) व्यवस्थापन समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य बैठकमा उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(५) व्यवस्थापन समितिको बैठकबाट पारित भएका निर्णयहरु निर्णय पुस्तिकामा अभिलेख राखि समितिको अध्यक्ष र सदस्य–सचिबबाट प्रमाणित गराई राख्नु पर्नेछ।

(६) बैठक सम्बन्धी अन्य कार्यबिधि समितिको बैठक आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद–४

## कर्मचारी सम्बन्धी व्यवस्था

१२. **कर्मचारीको व्यवस्था तथा सेवा, शर्त र सुविधा:** (१) प्रदेशस्तरमा स्थापित अनुसन्धान केन्द्रको नियमित कार्य सञ्चालनको लागि आवश्यक कर्मचारीको दरवन्दी सिर्जना व्यवस्थापन परिषद्ले गर्नेछ।

(२) उपनियम (१) बमोजिम सिर्जना भएको दरवन्दीमा कर्मचारी नियुक्ति प्रज्ञा-प्रतिष्ठानको कर्मचारी प्रशासन नियमावली, २०६४ बमोजिम हुनेछ।

(३) उपनियम (१) बमोजिम सिर्जना भएको दरवन्दीमा काम गर्ने कर्मचारीहरुलाई प्रज्ञा–प्रतिष्ठानको कर्मचारी प्रशासन नियमावली, २०६४ बमोजिम सेवा, शर्त र सुविधा लागु हुनेछ।

(४) उपनियम (१) बमोजिम सिर्जना भएको दरवन्दीमा कार्यरत कर्मचारीलाई प्रदेश स्थित अनुसन्धान केन्द्रको नियमित कार्यका अतिरिक्त कुनै संघ संस्था वा आयोजनाको काममा लगाउँदा प्रज्ञा–प्रतिष्ठानलाई थप आर्थिक दायित्व नपर्ने गरी सम्बन्धित संघ संस्था वा आयोजनाबाटै थप पारिश्रमिक दिई काममा लगाउन सकिनेछ।

(५) उपनियम (१) बमोजिमका कर्मचारीको नियुक्ति समायोजन र व्यवस्थापन प्रज्ञा प्रतिष्ठानबाट गरिनेछ।

(६) प्रज्ञा प्रतिष्ठानबाट कर्मचारी नियुक्ति वा समायोजन नभई दरबन्दी रिक्त भएको कारण काममा वाधा पर्न गएमा अनुसन्धान केन्द्रले आवश्यकतानुसार करार सेवामा नियुक्त गरी काममा लगाउन सक्नेछ।

१३. **अतिरिक्त जनशक्ति परिचालन गर्न सक्ने:** (१) प्रदेश स्थित अनुसन्धान केन्द्रले नियमित काम वाहेक छुट्टै प्रकृतिको काम गर्नुपर्ने भई कार्य चापमा बृद्धि भएको कारण परिषद्ले सिर्जना गरेको कर्मचारी दरवन्दीले मात्र कार्य सञ्चालन गर्न असहज हुने भएमा व्यवस्थापन समितिको स्वीकृतीमा कामको प्रकृति अनुसारको अतिरिक्त जनशक्ति परिचालन गर्न सकिने छ।

(२) उपनियम (१) बमोजिम परिचालन गरिने जनशक्तिको सेवा, शर्त र सुविधा व्यवस्थापन समितिको स्वीकृतिमा दुई पक्षीय सम्झौता बमोजिम हुनेछ ।

## परिच्छेद-५

## कोष, लेखा तथा लेखापरीक्षण सम्बन्धी व्यवस्था

१४. **अनुसन्धान केन्द्रको कोष स्थापना र खाताहरु:** (१) अनुसन्धान केन्द्रमा विभिन्न स्रोतबाट प्राप्त आम्दानी जम्मा गर्न एउटा छुट्टै कोष हुनेछ । कोषमा प्राप्त रकम तोकिएको वाणिज्य वैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ:-

(क) नेपाल सरकारबाट विनियोजित प्रज्ञा–प्रतिष्ठान मार्फत प्राप्त हुने अनुदान रकम,

(ख) प्रदेश सरकारबाट अनुदान स्वरुप प्राप्त हुने रकम,

(ग) विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त रकम,

(घ) स्थानीय तहबाट प्राप्त रकम,

(ङ) कुनै व्यक्ति वा संस्थाले सहयोग, दान, दातब्य र आर्थिक सहायता स्वरुप प्राप्त रकम,

(च) उद्योग, ब्यापार ब्यवसायसँग सम्बद्ध व्यक्ति वा संस्थाबाट प्राप्त सहयोग एवम् अनुदान रकम,

(छ) अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी व्यक्ति, एजेन्सी वा वित्तीय संस्थाहरुबाट प्राप्त सहयोग एवम् ऋण स्वरुप प्राप्त रकम,

(ज) प्रशिक्षार्थीबाट प्राप्त हुने शुल्क वा अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी व्यक्ति, एजेन्सी वा वित्तीय संस्थाहरुबाट प्राप्त सहयोग एवम् ऋण रकम प्राप्त गर्न प्रज्ञा प्रतिष्ठानको पूर्व स्वीकृती लिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको कोषमा अनुसन्धान केन्द्रको सुरक्षणको लागि लिइने सबै प्रकारको धरौटी रकम जम्मा हुनेछ ।

१५. **विनियोजन तथा परामर्श कार्य खाता:** (१) अनुसन्धान केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम, बजेटको आधारमा कोषको रकम विनियोजन खातामा रकम सारी खर्च गर्न सकिनेछ ।

(२) अनुसन्धान केन्द्रबाट परामर्श सेवा र आयमूलक कार्य सञ्चालनबाट हुने सम्पूर्ण आम्दानी रकम मध्ये प्रज्ञा प्रतिष्ठान नियमावलीमा तोकिएको रकम प्रतिष्ठानको केन्द्रीय कोषमा जम्मा गरी बाँकी रकम अनुसन्धान केन्द्रको प्रदेश स्थित कोषमा जम्मा हुनेछ ।

(३) अनुसन्धान केन्द्रको कोषबाट परामर्श कार्य खातामा रकम सारी आर्थिक प्रशासन नियमावली, २०६६ बमोजिम उक्त कार्यमा लाग्ने रकम खर्च गर्न सकिनेछ ।

१६. **कोषको खाता सञ्चालन:** (१) अनुसन्धान केन्द्रको नाममा रहेका कोषहरुको सञ्चालन ब्यवस्थापन परिषद्ले तोके बमोजिम हुनेछ ।

(२) अनुसन्धान केन्द्रको खाता सञ्चालन केन्द्र प्रमुख र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ । निजहरुको अनुपस्थितिमा ब्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

(३) अनुसन्धान केन्द्रको अन्य आर्थिक कारोवार प्रज्ञा–प्रतिष्ठानको आर्थिक प्रशासन नियमावली, २०६६ बमोजिम गर्नु पर्नेछ ।

१७. **कारोवारको लेखा तथा लेखा परीक्षण:** (१) अनुसन्धान केन्द्रले लेखा सम्वन्धी प्रचलित कानून र ढांचा अनुरुप धरौटी, विनियोजन, जिन्सी र अन्य सम्पूर्ण आय ब्ययको लेखा राख्नु पर्नेछ ।

(२) अनुसन्धान केन्द्रले प्रचलित कानून बमोजिम आर्थिक कारोवारको लेखा परीक्षण गराउनु पर्नेछ ।

परिच्छेद–६

## बिविध

१८. **ऐन नियम बमोजिम हुने:** यस नियमावलीमा लेखिएका कुराहरुमा यसै नियमावली बमोजिम र अन्य कुरामा प्रज्ञा–प्रतिष्ठान ऐनं, नियम बमोजिम हुनेछ।

१९. **बाधा अड्काउ फुकाउन सक्ने:** यस नियमावलीमा लेखिएको कुनै कुराले कार्य सञ्चालनमा बाधा पर्ने भएमा व्यवस्थापन परिषद्ले सभाको बैठकबाट अनुमोदन गराउने गरी त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक निर्णय गर्न सक्नेछ।

२०. **अधिकार प्रत्यायोजन:** यस नियमावलीमा व्यवस्था भए बमोजिम अधिकार प्राप्त अधिकारीले सम्बन्धित पदाधिकारी, अधिकृतलाई अधिकार प्रत्योजन गर्न सक्नेछ।

२१. **सल्लाहकार वा परामर्शदाताको नियुक्ति:-** व्यवस्थापन समितिले आवश्यता अनुसार निश्चित अवधि तथा विषय किटान गरी अनुसन्धान केन्द्रको काम कारवाही लाई कार्यान्वियन गर्न सेवा करारमा सल्लाहकार वा परामर्शदाता नियुक्त गर्न सक्नेछ।

२२. **व्याख्या गर्न सक्ने:** यस नियमावलीमा भएका कुनै व्यवस्था अस्पष्ट भएमा प्राज्ञ सभाले व्याख्या गर्नेछ। प्राज्ञ सभाबाट भएको व्याख्या अन्तिम हुनेछ।

२३. **मापदण्ड वनाउन सक्ने:** उत्कृष्ट अनुसन्धान केन्द्र तोक्ने वा कुनै अनुसन्धान केन्द्रलाई उत्कृष्ट अनुसन्धान केन्द्रको रुपमा रुपान्तित गर्ने वा स्तरोन्नती गर्ने लगायत अन्य आवश्यक कार्यको लागि प्रज्ञा- प्रतिष्ठानले आधार र मापदण्ड वनाई लागु गर्न सक्नेछ।

२४. **वाझिएमा अमान्य हुने:** यस नियमावलीमा भएका व्यवस्था अन्य प्रचलित कानूनसंग वाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछन।



CamScanner